जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २४३ पृष्ठः ४ | २०८० माघ ०४ गते बिहीबार (Thursday 18 Jan. 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## सिरहा प्रहरीले बरामद गरेको दुईसय चार बोरा प्याज अनुसन्धान कार्यालयलाई बुझायो





सिरहा, ३ माघ। सिरहा प्रहरीले दुईसय चार बोरा अवैध प्याज र प्याज बोकेको सवारीसाधन राजन्व अनुसन्धान कार्यालय इटहरीलाई बुझाएको छ। विशेष सुचनाको आधारमा प्रहरीले पूर्वपश्चिम राजमार्ग अन्तर्गत सिराको धनगढीमाई नगरपालिका ९ मुसहर्नियाबाट प्याज बोकेको प्र. १-०२-००१ ख ९१६९ नम्बरको मिनि ट्रक नियन्त्रणमा लिई अनुसन्धान कार्यालयलाई बुझाएको हो। गोप्य सुचनाका आधारमा ईलाका प्रहरी कार्यालय धनगढीबाट गएको प्रहरी टोलिले चार लाख आठ हजार मूल्य बरावरको दुईसय चार बोरा अवैध प्याज, प्याज बोकेको सवारीसाधन र चालक उदयपुर कटारी नगरपालिका ५ का २६ वर्षिय राजेश कटुवाललाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि इटहरी पठाइएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रविन्द्र राज पाण्डेले जानकारी दिए। जिल्लामा अनियन्त्रित तथा अवैधरुपमा प्याज भित्रिएको सूचनाहरु सामाजिक सञ्जालमा आउन थालेपछि प्रहरीको ध्यान जान थालेको देखिन्छ।

## मधेश सरकारको उपलब्धि सार्वजनिक कार्यक्रममा सत्ता गठबन्धनकै विरोध प्रदर्शन

जनकपुरधाम, ३ माघ। मधेश प्रदेश सरकारले आफ्नो एक वर्षे उपलब्धि सार्वजनिक गर्ने कार्यक्रममा सत्ता गठबन्धनकै एक घटक जनमत पार्टीले विरोध प्रदर्शन गरेको छ। जनकपुरधामको महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा मधेश सरकारले स्वाभिमान दिवस तथा एक वर्षे कार्य विवरण सार्वजनिक कार्यक्रम आयोजना गरेको थियो। उपलब्धि सार्वजनिक नगरिरहँदा सत्ता गठबन्धनकै जनमत पार्टीका नेताहरुले भने विरोध प्रदर्शन गरे। उनीहरुले 'साइकल चोरलाई कारबाही गर', 'भ्रष्ट सरकार मुर्दावाद' लगायतका नारा लगाउँदै प्रदर्शन गरेका हुन्।

कार्यक्रमको बिचमै जनमतका नेता-कार्यकर्ताहरूले प्रदर्शन गर्दा खैलाबेला मच्चिएको थियो। त्यसपछि मुख्यमन्त्री सरोजकुमार यादवले 'साइकल काण्ड हमारे पालामे थोरही न हुवा है' (साइकल काण्ड हाम्रो पालामा भएको थिएन) भनेका थिए। यद्यपि उनले आफ्नो एक वर्षे कार्यकालमा भएका उपलब्धिका विवरणहरु २२ पृष्ठमा सार्वजनिक गरे। २९ पुसमा जसपाका सरोजकुमार यादवले मुख्यमन्त्रीको पद तथा गोपनीयताको शपथ लिएका थिए। एक वर्षे उपलब्धि सार्वजनिक कार्यक्रमपछि अब त्यही हलमा जसपा अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा प्रदेश सरकारले स्वाभिमान दिवस मनाउन थालेको छ।

## उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएपछि मधेसमा गठबन्धनका चार दलले एमालेसँग मिलेर छुट्टै मनाए 'स्वाभिमान दिवस'




**रोहित महतो**

जनकपुरधाम, ३ माघ। मधेस प्रदेश सरकारमा आबद्ध गठबन्धन दलहरूबीच विवाद चर्किएको छ। प्रदेशको नामकरण र प्रदेश राजधानी घोषणा भएको सम्झनामा सरकारले बुधबार आयोजना गरेको मधेस स्वाभिमान दिवसमा जनता समाजवादी पार्टी (जसपा) ले एकलौटी गरेको भन्दै गठबन्धनका चार वटा दलले प्रतिपक्षी नेकपा एमालेसँग मिलेर छुट्टै कार्यक्रम गरेका छन्। गठबन्धनभित्र छलफलै नगरी मुख्यमन्त्री सरोजकुमार यादवले जसपा अध्यक्ष उपेन्द्र यादवलाई स्वाभिमान दिवसको प्रमुख अतिथि बनाएको निर्णयप्रति आपत्ति जनाउँदै चार दलले अलग्गै कार्यक्रम गरेका हुन्।

माओवादीका संसदीय दलका नेता भरत साहको अध्यक्षतामा प्रदेश सभाको सभाकक्षमा नेकपा एमाले, जनमत पार्टी, नेकपा एकीकृत समाजवादी र लोसपाका मन्त्री तथा सांसदहरूले नामकरण र राजधानी तोकिएको दिन सम्झिँदै आआफ्ना मन्तव्य राखेर स्वाभिमान दिवस मनाएका हुन्। जनकपुरस्थित महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रमा मुख्यमन्त्री यादवको अध्यक्षतामा प्रमुख अतिथि उपेन्द्र यादव समेतको सहभागितामा, नेपाली कांग्रेस र जसपाले स्वाभिमान दिवस मनाएका छन्।

एमाले सहितका दलहरूसँग बाँकी सत्तारूढ दलले प्रदेशसभा हलमा कार्यक्रम गरिरहेको बेला मुख्यमन्त्रीको सन्देश बोकेर अर्थमन्त्री सञ्जय यादव प्रदेशसभा पुगेका थिए। त्यहाँ कार्यक्रम गरिरहेका सांसद तथा मन्त्रीहरूलाई निधि भवनमा हिँड्न उनले आग्रह गरेका थिए। माओवादी नेता एवं उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सुनिता यादव मात्रै उनको आग्रह मानेर मुख्यमन्त्रीसँग कार्यक्रम मनाउन पुगिन्। जनमत पार्टीबाट शिक्षा तथा संस्कृति मन्त्री महेश यादवले मुख्यमन्त्रीले सरकारको कार्यक्रमलाई एकलौटी गरेर पार्टीको कार्यक्रमजस्तो बनाउन खोजेपछि आफुहरु सबै दलहरुलाई समेटेर स्वभिमान दिवस मनाउन खोजेको बताए।

'मुख्यमन्त्रीले दलभन्दा माथि नउठेर हैकमवादी शैलीमा प्रदेश सरकारको कार्यक्रमलाई पार्टीकरण गर्ने जुन प्रवृत्ति देखिएको छ, त्यसको विरोधमा हामीले छुट्टै कार्यक्रम गरेका हौं,' उनले भने, 'गठबन्धनमा आबद्ध दलका नेताहरूसँग सल्लाहै नगरी कार्यक्रम गर्ने? गठबन्धनमा कुनै छलफलै नगर्ने अनि कमजोरी हुँदा गल्ती भयो भनेर क्षमा दिनुस् भन्ने ! मुख्यमन्त्रीज्यूले क्याबिनेटमा छलफल गर्नुपर्ने कुरा पनि गर्दैनन्। सबैको सहभागितामा दिवस मनाउने कुरा थियो। तर दल विशेषको नेतालाई बोलाएर तिनलाई मसिहा देखाउने प्रयास भयो। यो प्रवृत्ति ठीक होइन।'

माओवादी संसदीय दलका नेता साहले मुख्यमन्त्री यादवले स्वाभिमान

**-बाँकी तीन पेजमा**




### क्यान्सरबाट बचौं, स्वस्थ रहौं

**क्यान्सर रोगका कारण:**

- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदुषित वायुमण्डल,
- तारेको, भ्फानेको तथा फाष्ट फूड एवं जंकफूडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ।

**यसबाट बच्न,**

- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, भ्फानेका तथा फाष्ट फूड एवं जंकफूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारिरीक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं।

**स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## निगमको उडान 'रद्द' !

## लापरबाही गर्नेलाई कारबाही गर

कहिल्यै नसुध्रिने र नचेत्ने संस्थाका रुपमा सूचीकृत गर्दा हुन्छ, नेपाल वायु सेवा निगमलाई।  यो तत्कालीन 'शाही नेपाल वायु सेवा निगम' हुँदा होस् या लोकतन्त्रपछि नाम परिवर्तन हुँदै 'नेपाल वायु सेवा निगम' सम्म पुग्दा होस्। यसले 'अलवेज क्यान्सिल' अर्थात् सधैँ 'उडान रद्द' दर्जा पाएको निगममा सोमबार राति पनि अन्तर्राष्ट्रिय उडानमा उही दुर्भाग्यपूर्ण नियति देखायो। अनि घटनालाई सामान्य ठानियो। यात्रुहरु निगमको न्यारो बडी जहाजमार्फत कतारको दोहा उडान भर्न विमानस्थल पुगे। यात्रारत २७६ यात्रुले चेक–इन गरे, अध्यागमन–सुरक्षा जाँच प्रक्रिया पार गर्दै उडान भर्न प्रतीक्षालय पुगे। निर्धारित उड्ने समय घर्किंदै थियो, यात्रुलाई कुनै सूचना दिइएन। ११ बजे उड्नुपर्ने जहाज राति १ बजेमात्रै यात्रुले 'रद्द'को जानकारी पाए। अन्तर्राष्ट्रिय उडान भएको हुँदा दोहाबाट अन्यत्र उडान भर्नुपर्ने यात्रुले समस्या खेप्ने नै भए। यसरी उडान रद्दको घटना भने पहिलो होइन, अनेकौंपटक यस्ता 'रद्द' घटना भएका कारण हुन सक्छ, निगमले यसलाई 'सामान्य' रुपमा लिएको देखिन्छ।  नत्र यसरी उडान रद्द हुनुको कारण, रद्द हुँदा बेहोर्नुपर्ने खर्चको दायित्व, त्यसअतिरिक्त निगमले गुमाउनुपर्ने विश्वसनीयताको हकमा कोही न कोही जिम्मेवार हुन्थे।  'जहाजको अभाव छ भने या जहाज बिग्रेको छ किन टिकट काटियो ?' स्वाभाविक प्रश्न उब्जन्छ नै।

तत्कालका निम्ति जहाजको प्राविधिक खराबी देखाउँदै उम्किने खेल चल्छ। यो प्राविधिक मात्र नभएर व्यवस्थापनको नालायकीपन पनि हो। निगमका पदाधिकारीले गम्भीरतापूर्वक लिएको पनि पाइँदैन।  यो हदैसम्मको लापरबाही प्रदर्शन हुँदा पनि सरकारले कसैलाई सामान्य सोधपुछसमेत गरेको देखिँदैन, कारबाही गर्नुको परै जाओस्। कोही, कसैले जवाफदेही बन्नै नपर्ने भएपछि निगमका अव्यवस्था, उडान रद्द, हेलचक्र्याई, भ्रष्टाचारको पर्याय निगम बनेको थियो, बनिरहेकै छ। राजनीतिक निगाहमा भर्ती भएका कार्यकारी अध्यक्षदेखि सञ्चालक सदस्यहरु संरक्षणकर्ताबाट संरक्षणप्राप्त भएसम्म आफ्नो कुर्सी जाँदैन भन्ने बुझेका छन्।

त्यहीकारण तिनले यात्रुका हितमाभन्दा नियुक्तिकर्ताप्रति बफादारी देखाउनुलाई आफ्नो एकमात्र ध्याउन्न बनाएका छन्। निगम पुग्नु भनेको कमाउनु हो भन्ने मान्यता स्थापित भएको छ।  निगममा भ्रष्टाचार–कमिशन खेलको अनगिन्ती शृंखला निरन्तर छ। यो निगमको स्थापनाकालबाटै सुरु भएको रोग हो। यो संस्था कहिल्यै पनि विवाद र प्रकरणमुक्त नहुनुमा भ्रष्टाचार र कमिसन नै एक मात्र कारण हो। २०२९ मा पहिलो जहाज खरिदसँगै प्रकरणभित्र परेको निगम पछिल्लो समय हरेक जहाज खरिदमा शंकास्पद मानिन्छ।

पछिल्लो समय खरिद भएका वाइडबडी जहाजमा चार अर्ब रुपैयाँभन्दा बढी भ्रष्टाचार तथ्यांक संसद्कै सार्वजनिक लेखा समितिले सार्वजनिक गरिसकेको छ।  उसले थप छानबिन गरी भ्रष्टाचार मुद्दा चलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई फाइल पठायो। 'ठूला प्रकरण' र 'ठूलाबडा' जोडिएको सवालमा मौनता साँध्ने अख्तियारको रणनीतिभित्र वाइडबडी जहाज पनि पर्‍यो। जो सुकै पर्यटनमन्त्री बनुन्, तिनको एकमात्र उद्देश्य हुन्छ, 'नयाँ जहाज खरिद गर्नु।' जहाज खरिद भएपछि ती चलुन् या नचलुन्, कसैले जिम्मेवारी लिनुपर्दैन। चीनसँग खरिद गरिएका जहाजहरु थोरै उडानपछि थन्किनुको कारण खोतल्ने हो भने धेरै तथ्यहरु उजागर हुनेछ। यतिखेर कौडीको भाउमा लिलामी गरी नयाँ जहाज खरिद गर्ने धूनमा पर्यटन मन्त्री लागेकै छन्।

चीनसँग खरिद जहाज किन चलेनन् भन्ने कसैले खोजी गरिएनन्, कामै नलाग्ने जहाज खरिदमा संलग्नहरुका सवालमा कतै छानबिनसमेत गरिएन। जहाज खरिद गर्ने प्रपञ्च मिलाउनै खातिर 'आफ्ना मानिस' या 'मिलाउन सक्ने मानिस'लाई निगममा पुर्‍याइने खेल पनि निरन्तर छ। शासकीय वृत्तले ठानेको छ कि निगम भनेको चुस्ने संस्था हो। पञ्चायतकालमा दरबार र शक्तिशाली पात्रहरुले जहाज खरिदमा राम्रै कमिसन लिन्थे।  बहुदलसँगै बहुदलवादी नेताहरुले पञ्चायतकालीन दरबारिया क्रियाकलाप बिर्साउन उद्यत छन्। अब पनि निगममा यस्तै हेलचेक्र्याइ र गैरजिम्मेवार क्रियाकलापमा रहन दिने कि सुधार गर्ने प्रश्न खडा भएको छ। अन्तर्राष्ट्रिय उडानका हकमा यो हदसम्म लापरवाही काम गर्नेहरुविरुद्ध छानबिन गरी कारबाही नगर्ने हो भने निगम कहिल्यै सुध्रिने छैन।  त्यसकारण अन्तर्राष्ट्रिय उडान रद्दलाई 'सामान्य घटना'का रुपमा मात्र सीमित राखिनु हुँदैन, भोलिका दिनमा यस्ता क्रियाकलाप दोहोरिन नदिन कारबाही प्रक्रिया प्रारम्भ हुनुपर्छ।

# प्रजिअको बोली र प्रहरीको गोली !

शिवजी श्रेष्ठ

केही दिनअघि ललितपुरको बालकुमारी र सर्लाहीको बरहथवामा भएका आन्दोलनमा प्रहरीको गोली लागेर तीन जनाको मृत्यु भयो। घटनापछि बालकुमारी र सर्लाही दुवैका प्रमुख जिल्ला अधिकारी ( प्रजिअ) ले प्रहरीलाई गोली हान्न आदेश नदिएको भने। यसपछि सुरक्षा वृत्त र अन्यत्र पनि यस्तो अवस्थामा प्रहरी संगठनले कसरी काम गर्छ भन्ने चासो र चर्चा सुरू भएको छ। जनजीवनको सुरक्षामा तीनवटा पक्ष अगाडि आउँछन् – जिउ, धन र इज्जत। हरेक व्यक्तिका यी तीन पक्षको सुरक्षा गर्ने दायित्व राज्य र मातहतका सुरक्षा निकायको हो। सुरक्षाको कामको सूत्र पनि तीनवटै हुन्छ – आवश्यकताको सिद्धान्त, कमभन्दा कम बल प्रयोग, परिस्थितिको आवश्यकता। उपर्युक्त आधारमा सुरक्षा निकाय र सुरक्षाकर्मीले बल प्रयोग गर्छन्।

हतियारयुक्त तीनवटा सुरक्षा संगठनमध्ये नेपाली सेना परिचालन भएको अवस्थामा सैनिकले गोली हान्न कसैको अनुमति लिनु नपर्ने व्यवस्था छ। सशस्त्र प्रहरी बल नियमावलीले सशस्त्र प्रहरीलाई कार्यक्षेत्रमा आवश्यक परे आफैंले निर्णय गरी गोली हान्न सक्ने अधिकार छ। सशस्त्र प्रहरी नियमावली, २०७२ मा कर्तव्य पालनाका क्रममा कहीँबाट बाधा/अवरोध भए अन्तिम बल प्रयोग गर्न अर्थात् गोली चलाउन कसैलाई सोध्नु नपर्ने व्यवस्था छ। नेपाल प्रहरीलाई पनि गोली हान्ने अधिकार छ तर शान्ति सुरक्षाको क्रममा खटिँदा जिल्ला सुरक्षा प्रमुखका हैसियतमा रहेका प्रमुख प्रजिअसँग अनुमति लिनुपर्ने व्यवस्था छ।

प्रहरीलाई नेपालको आन्तरिक सुरक्षाको मुख्य जिम्मेवारी दिइएको छ। बल प्रयोग गर्न पाउने विशेष अधिकार पनि कानुनले दिएको छ। गोली हान्ने अधिकार पनि छ। त्यस्तो अधिकार प्रयोग गर्दा चरणबद्ध प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। प्रहरीले सकेसम्म कमभन्दा कम बल प्रयोग गर्ने प्रयास गर्नुपर्छ। गोली हानेपछि घाइते हुने र ज्यानै जान सक्ने भएकाले प्रहरी सचेत रहनुपर्छ। दिनभरको थकान, पर्याप्त खाना र आरामको अभाव र भिडले आफूमाथि गरेको निरन्तरको प्रहारले कहिलेकाहीँ प्रहरीले धैर्य गुमाएर आवश्यकताभन्दा बढी बल प्रयोग गर्न सक्छ। यसतर्फ प्रहरी र प्रहरी परिचालन गर्ने पक्षले ध्यान दिन आवश्यक हुन्छ।

स्थानीय प्रशासन ऐन, २०२८ अनुसार जिल्लामा सुरक्षाको नेतृत्व प्रजिअले गरेको हुन्छ। प्रजिअकै निर्देशनमा शान्ति–सुरक्षाका लागि प्रहरीले आवश्यकताअनुसार बल प्रयोग गर्छ। प्रहरीले भिड नियन्त्रण गर्न बल प्रयोग गर्नेबारे स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ ले व्यवस्था गरेको छ। कुनै हिंसात्मक कामकारबाही हुने वा हुलदंगा हुने र भिडले हिंसात्मक वा ध्वंसात्मक गतिविधि गरी शान्ति भंग हुने सम्भावना देखिएमा प्रजिअले प्रहरीमार्फत रोक्न लगाउने प्रावधान छ। स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१) क मा '...प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरून्तै आफैं गई वा आफू मातहतका अधिकृतलाई पठाई...' भन्ने प्रावधान छ। अर्थात् प्रहरीले मात्र नियन्त्रण गर्न नसकेको अवस्थामा सम्बन्धित ठाउँमा तुरून्तै आफैं गएर वा आफू मातहतका अधिकृतलाई पठाएर सकेसम्म सम्झाई शान्ति कायम गराउनुपर्छ भनिएको छ। यसबाट पनि नभएमा प्रहरीको मद्दतले आवश्यकता र परिस्थिति अनुसार लाठीचार्ज, अश्रुग्यास, पानी फोहोरा र हवाई फायर जस्ता बल प्रयोग गरी शान्ति कायम गराउनुपर्ने व्यवस्था छ।

उपर्युक्त उपायले पनि शान्ति कायम गराउन नसकिने भई गोली चलाउन आवश्यक भएमा भिडलाई पछि हट्नू र नहटे गोली चलाइने छ भनेर स्पष्ट बुझिने गरी चेतावनी दिनुपर्ने प्रावधान छ। त्यति गर्दा पनि भिड हटेन र गोली चलाउनै पर्ने भयो भने प्रजिअले घुँडामुनि पर्ने गरी गोली चलाउन आदेश लेखी सही गरिदिने प्रावधान छ। प्रजिअले जिल्लामा शान्ति–सुरक्षा कायम गर्न प्रहरी अधिकृतलाई आवश्यकताअनुसार भ्याएसम्म लिखित र नभ्याएमा मौखिक आदेश दिनुपर्ने व्यवस्था ऐनमा छ। मौखिक आदेश दिएकोमा बढीमा २४ घन्टाभित्र लिखित रूपमा आदेश समर्थन गर्नुपर्ने प्रावधान पनि छ।

यिनै प्रावधानका आधारमा प्रजिअको मातहतमा प्रहरीले शान्ति–सुरक्षा कायम गराउँछ। शान्ति–सुरक्षा कायम गर्ने सिलसिलामा सामान्य बल प्रयोग गर्न खास समस्या देखिँदैन तर स्थिति नियन्त्रण गर्न ठूलै बल प्रयोग गर्नुपर्ने अवस्थामा विवाद देखिने गरेको छ। विशेष गरी निर्वाचनको समयमा प्रजिअको लिखित आदेश लिएको कुनै अधिकृत प्रहरीसँगै खटिने गरे पनि अन्य अवस्थामा त्यस्तो अधिकृत प्रहरीसँग हुँदैन। प्रहरीसँगै फिल्ड ( घटनास्थल) मा रहेको प्रजिअले हुलदंगा वा भिड नियन्त्रणका लागि स्थानीय प्रहरी प्रमुखसँगै कमान्ड पोस्ट बनाएर परिस्थितिको अवलोकन गरेको हुन्छ र सोहीअनुसार आदेश दिन्छ। प्रजिअको जिम्मेवारी सिधै प्रहरीको मनोबलसँग जोडिएको हुन्छ। प्रजिअप्रति प्रहरीको विश्वास र भरोसा हुन्छ। यसैअनुसार प्रहरी कारबाही निर्धारित हुन्छ।

म प्रहरी सेवामा रहँदा दुई जना प्रजिअसँगको कार्यअनुभव सम्झिन्छु। म जिल्ला प्रहरी कार्यालय, उदयपुरमा थिएँ। सशस्त्र द्वन्द्वको समय थियो। प्रजिअ थिए सीताराम पोखरेल, कुशल प्रशासक। सुरक्षासम्बन्धी सूचना राख्ने, परिस्थितिको अध्ययन गर्ने र सम्भावित घटना अनुमान लगाउन सक्ने खुबी थियो। प्रहरीसँगै फिल्डमा खटिन्थे, फिल्डबाटै आदेश दिन्थे। २०६० सालको घटस्थापनाको दिन विद्रोही माओवादीले सडक जाँचमा खटिएको प्रहरी टोलीमाथि आक्रमण गरेर तीन जना प्रहरी मारे। प्रजिअ पोखरेलले आफैं घटनास्थल पुगेर आदेश दिए। उनी हुलदंगा र गुन्डागर्दी गर्नेलाई यसरी कारबाही गर्ने हो भन्दै प्रहरीलाई सिकाउँथे। बेलाबखत नेपाली सेनाका जनरल (ब्रिगेडियर) सँग पनि बहस गर्थे।

प्रजिअ पोखरेलसँग हिँड्न र काम गर्न प्रहरी अधिकृतहरू सजिलो र सुरक्षित महसुस गर्थे। म उदयपुरबाट सरूवा भएर लमजुङ पुगेँ। त्यहाँ ठीक विपरीत स्वभावका प्रजिअसँग काम गर्नुपर्‍यो। म लमजुङमा हुँदा सशस्त्र द्वन्द्व चरम अवस्थामा थियो। म निमित्त जिल्ला प्रहरी प्रमुखका रूपमा कार्यरत थिएँ। त्यही समय एक रात ११ बजेतिर लमजुङको एउटा विद्युत टावरमा रहेको सेना र प्रहरीको संयुक्त टोलीमाथि माओवादीको भीषण आक्रमण भयो। आकाशमा नाइट भिजन हेलिकप्टर घुम्न थाल्यो। यता जिल्ला प्रहरी कार्यालयमा पनि आक्रमण हुन सक्छ भनेर मैले प्रजिअलाई खबर गर्न एक प्रहरी पठाएँ। आफू प्रतिकारको तयारीमा लागेँ। मैले पठाएका प्रहरी एक छिनपछि एक्लै आइपुगे। मैले सोधेँ– एक्लै आयौ त, खोइ सिडिओ सा'ब ?

उनले सुनाएको कुराले म अचम्म परेँ उनी त यस्तो राति किन उठाएको भनेर रिसाएछन् पो ! प्रजिअको सुरक्षासमेत ध्यानमा राखेर म आफैं उनको निवासमा गएँ र झ्यालबाट बोलाएँ। मसँग पनि झर्किँदै सोधे– किन आउनुभयो ? मैले झ्यालबाटै परिस्थिति बताएँ। उनले फेरि सोधे– अनि के भयो त ? माओवादीले आक्रमण सुरू गरिसक्यो, प्रजिअ भन्छन अनि के भयो त ? मलाई जवाफ आएको थियो तर आफूलाई सम्हालेर एक्लै फर्कें। उदयपुरका प्रजिअ गृहकै क्याडर र अनुभवी थिए। लमजुङका प्रजिअ संसद सेवाबाट पहिलोपटक गृह प्रशासनको अनुभव गर्दै थिए। बालकुमारी र बरहथवा घटनामा गोली किन चल्यो, त्यो त छानबिनले खुट्याउने नै छ। तर अब प्रश्न उठ्न सक्छ– प्रहरीलाई प्रजिअको आदेशबिना गोली हान्ने अधिकार छ ?

आवश्यक वस्तु संरक्षण ऐन, २०१२ ले यो अधिकार दिएको छ। प्रहरी हवल्दार वा त्यसमाथिकाले आवश्यकता अनुसार घुँडामुनि गोली हान्न आदेश दिन सक्ने प्रावधान उक्त ऐनमा छ। करिब एक वर्षअघिको घटना, यातायात मजदुरहरूको आन्दोलन भनिएको भिड नियन्त्रणमा प्रहरीले ठीक समयमा बल प्रयोग नगर्दा पसलहरूमा लुटपाट भयो। भिडले प्रहरीका दुइटा गाडी जलायो। उक्त घटनामा बालाजु र सोह्रखुट्टे प्रहरीका प्रमुख रहेका दुई जना डिएसपी स्थिति नियन्त्रणमा लिन नसकेको आरोपमा कारबाहीमा परे। परिस्थिति आकलन गरेर आवश्यक बल प्रयोगका लागि आदेश लिन नसक्दा वा बल प्रयोगको जोखिम लिन नसक्दा प्रहरी आफ्नो जिम्मेवारीमा असफल पनि हुन्छ। धेरै वर्ष प्रजिअ भएका पूर्वगृहसचिव जयमुकुन्द खनालले परिस्थिति हेरेर कहिलेकाहीँ प्रजिअको आदेशबिना पनि प्रहरीले गोली चलाउन सक्छ, त्यसलाई प्रजिअले समर्थन गर्नुपर्छ भनेका छन्।

साँच्चै, फिल्डमा खटिएको प्रहरीले शान्ति–सुरक्षा कायम गर्ने सिलसिलामा गरेको कारबाहीको जिम्मा प्रजिअले नलिने हो भने प्रहरीले कसरी काम गर्न सक्छ ? प्रजिअप्रति प्रहरीको भरोसा कतिसम्म हुन्छ भन्ने बुझ्न आठ वर्षअघि कैलालीको टीकापुरमा थरूहट संघर्ष समितिको आन्दोलनका क्रममा प्रजिअ कार्यालयमा भएको वार्ताको परिणाम हेर्नु सान्दर्भिक हुन्छ। वार्तामा आन्दोलन शान्तिपूर्ण हुने र प्रहरी पनि हतियार नलिई आउने समझदारी भएको थियो। प्रजिअ कार्यालयमा भएको समझदारीमा विश्वास गरेर प्रहरी खाली हात फिल्डमा गयो। आखिर समझदारीले काम गरेन। अनियन्त्रित भिडको आक्रमणमा परेर एसएसपीसहित नेपाल प्रहरी र सशस्त्र प्रहरीका आठ जना सुरक्षाकर्मी र एक नाबालक मारिए। शान्ति–सुरक्षाको हकमा प्रजिअ मातहत रहेर उनले अह्राए–खटाए बमोजिम प्रहरी परिचालन हुने भएकाले प्रजिअ कति परिपक्व हुनुपर्छ भन्ने थाहा पाउन टीकापुरको उक्त घटना बलियो दृष्टान्त हो।

अहिले प्रजिअको नियुक्ति प्रक्रिया र तालिमको बारेमा पनि चर्चा सुरू भएको छ। हाल प्रजिअहरूको तालिम कसरी चल्छ, यसबारे म अनभिज्ञ छु। २०५३ सालतिर म पुलिस एकेडेमीमा कार्यरत हुँदा भने प्रजिअहरूको तालिममा मेरो पनि भूमिका थियो। तालिममा प्रजिअहरूलाई प्रहरीको डांग्री लगाएर भिड नियन्त्रण गर्न र गोली हान्नसमेत अभ्यास गराइन्थ्यो। त्यस्तो तालिममा प्रजिअ भएर जिल्ला जान लागेकाहरूले प्रहरीलाई नजिकबाट बुझ्ने अवसर पनि पाउँथे। प्रहरी तालिममा पनि स्थानीय प्रशासनसँगको सहकार्यबारे जानकारी गराइन्छ। करिब ३० वर्षअघिको कुरा, म पूर्वक्षेत्रीय सशस्त्र प्रहरी गण, विराटनगरमा प्रहरी हवल्दार र जवानहरूको लागि भिड नियन्त्रण तालिम चलाउँदै थिएँ। एक दिन प्रहरीले भिड नियन्त्रण गर्दा बल प्रयोग गर्ने प्रक्रियाबारे स्थानीय प्रशासन ऐन, २०२८ को व्यवस्थाबारे कुरा गर्दै थिएँ।

भिड नियन्त्रणका क्रममा परिस्थिति अनुसार लाठी चार्जदेखि घुँडामुनि गोली हान्नसम्म प्रजिअले लिखित आदेश दिनुपर्ने र लिखित दिन नभ्याए, मौखिक आदेश दिएर २४ घन्टाभित्र लिखित समर्थन जनाउनुपर्ने बारे बताएँ। त्यसम्बन्धमा एक प्रहरी जवानले हात उठाएर गरेको प्रश्नले मेरो मथिंगल हल्लाएको थियो। उनले सोधेका थिए– मौखिक आदेशमा गोली चलाउँदा स्थिति ठिकै भयो भने त प्रजिअले लिखित समर्थन जनाऊलान् तर स्थिति बिग्रियो वा विवाद भयो भने प्रजिअ पन्छिने प्रयास गर्न सक्छन्, यस्तो अवस्थामा के हुन्छ ? उक्त प्रश्नमा सबै सहभागीले समर्थन जनाए। जबाफमा मैले भनेँ– त्यसरी सोच्न हुँदैन, सबैभन्दा ठूलो कुरा भरोसा र विश्वास हो, विश्वासमा काम गर्नुपर्छ।

मेरो जबाफले उनीहरूको चित्त बुझेन। ती जवानले फेरि अर्को प्रश्न गरे– मानौं, गोली नचलाई भएन र तपाईंले चलाउनुभयो तर विवाद सिर्जना भएर प्रजिअ जिम्मेवारीबाट पन्छिए, तपाईं के गर्नुहुन्थ्यो ? म झसंग भएँ। साँच्चै म के गर्थें होला ! प्रहरी लगायतका फौजी संस्थाहरू आदेशमा चल्छन्। आफूभन्दा माथिका कमान्डरले आदेश दिएपछि किन, कसरी, कसले भन्ने नसोची आदेश पालना हुन्छ। सबैभन्दा तल्लो जवानदेखि माथिल्लो अधिकारीसम्मलाई मैले आदेश पालना गर्दा उत्पन्न परिणामको जिम्मेवारी आदेशकर्ताले नै लिन्छ भन्ने विश्वास हुन्छ। यही विश्वासका भरका फिल्डमा काम हुन्छ। प्रहरी र प्रजिअबीच राम्रो समन्वय र प्रस्ट निर्देशनले राम्रो परिणाम दिन्छ भन्ने दृष्टान्तका रूपमा हालै काठमाडौंमा मेडिकल व्यवसायी दुर्गा प्रसाईं र नेकपा एमालेको प्रदर्शनलाई लिन सकिन्छ। ती प्रदर्शनमा हिंसात्मक झडप हुन सक्ने सम्भावनामा काठमाडौं प्रहरी र प्रशासनको सक्रियता र

–बाँकी तीन पेजमा

## प्रजिअको...

काठमाडौंका प्रजिअको प्रस्ट सूचनाले राम्रो परिणाम दियो। दुई पक्षको समन्वयले कुनै अप्रिय घटनाबिना भिड नियन्त्रण भयो।

कानुनले शान्ति–सुरक्षा खलबलिने सक्ने अवस्थामा प्रजिअ वा उनले खटाएको अधिकृत घटनास्थल (फिल्ड) मा हुनुपर्छ भनेको छ तर सामान्यतया उनीहरू देखिँदैनन्। प्रजिअ वा उनले खटाएको अधिकृत घटनास्थलमा हुने हो भने आपसमा राम्रो समन्वय हुन सक्छ अप्रिय घटना हुने सम्भावना कम हुन्छ। (श्रेष्ठ नेपाल प्रहरीका अवकाशप्राप्त डिएसपी हुन्। उनी हाल ब्रिटिस प्रहरीको हयाम्पसायर पुलि कन्स्टेबुलरीका सल्लाहकार छन्।)

## उपेन्द्र यादवलाई ...

दिवसलाई पार्टी विशेषको कार्यक्रम गर्न खोजेपछि आफूहरूले सबै दललाई समेट्ने प्रयास गरेर छुट्टै कार्यक्रम गरेको बताए। 'प्रदेश सरकारले ओजपूर्ण कार्यक्रमलाई हलुको बनायो पार्टीकरण गर्न खोज्यो। बुधबारको कार्यक्रममा सबै उत्पीडित वर्ग समुदाय र वर्गको कार्यक्रम बनाउनबाट चुक्यो,' साहले भने, 'अन्तिम समयमा आएर कुनै नेता विशेषलाई प्रमुख अतिथि बनाउने हामीकहाँ सूचना आएपछि हामी अलग्गै कार्यक्रम गरेर सबैलाई समेट्न खोज्यौं।'

यद्यपी प्रदेश सरकारले एकलौटी गरेको कुरामा कुनै सत्यता नरहेको जसपा सांसद एवं ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्री सिंगासन सा कलवारले बताए। 'असन्तुष्टि थियो भने आफ्ना कुराहरू ती दलका नेताहरूले राख्दा हुन्थ्यो त ! मुख्यमन्त्रीज्यूले हैकमवादी चरित्र देखाउनुभएको होइन, सबैलाई मिलाएरै जान खोज्नुभएको हो,' मन्त्री कलवारले भने। प्रमुख अतिथिको विषयमा दलहरूबीच छलफल भएको वा नभएको विषयमा आफूलाई केही थाहा नभएको उनको भनाइ छ। स्वाभिमान दिवस मनाउनुअघि मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आफ्नो एक वर्षे कार्यकालको उपलब्धि सार्वजनिक गर्ने क्रममा जनमत पार्टीले प्रदर्शन गरेको थियो। प्रदेश सरकारको उपलब्धि सार्वजनिक भइरहेकै ठाउँमा जनकपुरस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृति भवनभित्र पसेर जनमत पार्टीका नेता कार्यकर्ताहरूले मधेस प्रदेश सरकार विरूद्ध प्रदर्शन गरेका थिए। उनीहरूले विगत ६ वर्षको अवधिमा जसपा नेतृत्वको प्रदेश सरकारले गरेको विभिन्न भ्रष्टाचार काण्डहरूको छानबिन गरी कारबाही गर्न माग गर्दै प्रदर्शन गरेका थिए। जनमत पार्टीका नेता/कार्यकर्ताले सरकारविरूद्ध प्रदर्शन गरिरहँदा उक्त पार्टीबाटै मन्त्री रहेका महेश यादव र चन्दन सिंह समेत मञ्चमै बसेका थिए। मुख्यमन्त्री यादवले सञ्चारकर्मीको प्रश्नहरूको जवाफ दिँदै भ्रष्ट सरकारमा किन बसेको भन्दै जनमतका मन्त्रीसँग प्रश्न गरेका थिए।

'जनमत पार्टीले सरकार भ्रष्टचार गरिरहेको आरोप लगाइरहेको छ। यदि त्यस्तो हो भने किन जनमत सरकारमा छ? सरकार छाडे भयो नि ! भ्रष्ट सरकारमा किन बसेको?,' उनले प्रश्न गरे। तर जनमतका शिक्षा तथा संस्कृतिमन्त्री महेश यादव भने आफूहरू सरकारलाई सुधार्न सत्तामा आएको दाबी गर्छन्। 'हामी मुख्यमन्त्रीको आशीर्वादले सरकारमा छैनौं, हाम्रो आशीर्वादले उहाँ (सरोज यादव) मुख्यमन्त्री बनेको हो। हामीले उहाँलाई सुधार्दै छौं,' उनले भने।

# मान्छेको मुख्य आहार माछामासु होइन, शाकाहार हो

**डा. जीवन प्रसाई**
लेखक तथा अनुसन्धानकर्ता

मानिस आफ्नो व्यक्तिगत इच्छा वा खाद्य संस्कृतिअनुसार दैनिक विभिन्न परिकारको छनोट गरी खाने गर्छ। जहाँसम्म स्वादिष्ट परिकारको छनोटको कुरा छ, विश्वभरि माछामासुलाई अत्यन्त स्वादिष्ट एवं बलवर्द्धक खानेकुराको रुपमा खाने गरिन्छ। अरु बेला नखाए पनि सुत्केरी हुँदा वा भर्खरै बिरामी भएर तंग्रिँदै गर्दा मासुजन्य खानेकुरा खाने वा खुवाउने चलन हाम्रो समाजमा पहिलेदेखि चलिआएको छ। तर यसको सहज पहुँच हुनेखाने सम्पन्न वर्गका लागि बढी हुन्छ। जसकारण आम मानिसको दैनिक भोजनमा दाल, भात, तरकारी अर्थात् वनस्पतिजन्य भोजनको प्राधान्यता रहेको हुनसक्छ। अर्थात् मासुजन्य परिकार साताको एक दिन, कुनै चाडपर्व विशेष खाने आहार भएको छ। र, शाकाहार हाम्रो जीवनको मूल आहार बनेको छ।

### आदिम कालमा के खान्थें मान्छे ?

आजभन्दा करिब १२ देखि १३ हजार वर्षअघि हाम्रा पूर्वजलाई दैनिक सिकार गरेर आफ्नो पेट भर्न सम्भव हुँदैन थियो। त्यसैले आदिम युगमा हाम्रा पुर्खाको खान्कीमा सिकार भन्दा खोजेर ल्याएका कन्दमूल बढी हुने गर्दथ्यो। अर्को शब्दमा उनीहरु सिकारी (हन्टर) कम ज्यादा संग्रहक (ग्यादरर) भएको हुनुपर्छ। दूध, मासु, अण्डाको सेवन त्यसबेला सम्भव थिएन। पशुपालनको आधुनिक युगसँगै यी कुरा खान सुरु भयो। औद्योगिक क्रान्तिपछि मासुजन्य पदार्थको औद्योगिक उत्पादन र भण्डारण सम्भव भयो। मानिसको आम्दानी वृद्धिसँगै मासुजन्य खाद्यपदार्थको माग विश्वभरि बढ्यो। २१ औं शताब्दीसम्म आइपुग्दा मासुजन्य खानेकुराको खपत अत्यधिक हुन थालेको छ। मासु धेरै खाँदा मोटोपन र दीर्घरोगको समस्या बढ्न थाल्यो।

### मानिस शाकाहार वा मांसहार ?

पूर्वीय होस् वा पश्चिमी सभ्यता, शाकाहार वा मांसहारको पक्ष विपक्षमा प्राचीनकालदेखि मानिसका आ–आफ्ना धारणा छन्। मान्छे पूर्णतः शाकाहारी हो वा मांसहारी ? यसको दाबी गर्न नसके पनि मान्छेको शारीरिक बनावट, पाचन प्रणाली, अनि भावनात्मक वा आत्मिक चेतनाको अवस्थाले शाकाहार नै मानिसको मूल भोजन हुनुपर्ने देखिन्छ। मान्छेको पाचननली लामो (अधिकतम ९ मिटर) हुन्छ। तर पेटको अम्लियता मांसाहारी प्राणीभन्दा कम (४–५ पीएच) हुन्छ। यसको अर्थ हो, मांसाहार भोजन गर्ने प्राणीको आन्द्राको लम्बाई छोटो हुन्छ। जस्तो, बाघ, भालुको आन्द्रा छोटो हुन्छ।

मानिसको आन्द्रा धेरै लामो हुन्छ। हामीले खाने कुनै पनि खानेकुरा पचाउन त्यो लामो प्रक्रियाबाट गुज्रिनुपर्ने हुन्छ। जसले छिटो मासु पचाउन सकिँदैन। नङ अनि दाँतको बनावट जनावरको भन्दा सानो आकारको हुन्छ। जसले गर्दा आफैंले सिकार गर्ने र मासु पचाउने क्षमता कम हुने देखिन्छ। यही हिसाबले पनि मासु मानव शरीरको लागि अनुकूल र सही छैन भन्ने तर्कहरु धेरै छन्। यी त भए जैविक पक्ष।

यसबाहेक आफैं मरेको जीव नखाने, प्राणीलाई सकेसम्म मार्न नचाहने, कसैले हत्या गरेको देख्दा दुःखी हुने वा भावनात्मक रुपमा पीडा महसुस गर्ने मानिसका शारीरिक एवं मानसिक स्वभावका कारण पनि शाकाहार नै सहज वा प्राकृतिक खानपान हुनुपर्छ।

### भारतबाहेकका देशमा अल्पसंख्यक



यसो भए पनि अहिलेको युगमा शाकाहारीहरु भारत बाहेकका देशमा अल्पसंख्यामा छन्। वर्ल्ड एनिमल फाउन्डेसन अर्गनाइजेसनका अनुसार विश्वव्यापी रुपमा हेर्ने हो भने २२ प्रतिशत मात्र शाकाहार छन्। अमेरिका, अस्ट्रेलिया जस्ता मुलुकमा मात्र करिब तीन प्रतिशत जनसंख्या शाकाहार रहेका छन्। मासुको स्वादले मानिसलाई यस्तो लोभ्यायो कि अमेरिकाका बासिन्दा प्रतिव्यक्ति औसतमा करिब २५२ पाउण्ड मासु सेवन गर्छन्। विश्वमा धनी कहलिएका मात्र होइन, कम विकसित मुलुकमा पनि उनीहरुको आर्थिक विकाससँगै मासुको खपत बढेको देखिन्छ।

अर्कोतर्फ, शाकाहारवाद (भेजेटेरियनिजम)प्रति मानिसको आकर्षण पनि कम भएको छैन, बरु बढ्दो छ। शाकाहारी एउटा दर्शन अनि चलन चाहिं पुरानो हो। पूर्वीय दर्शनमा शाकाहारलाई अहिंस्रक (काटमार नगर्ने) जीवनशैलीको एउटा अभिन्न पक्षको रुपमा लिने गरिन्छ। साथै, मासु तामासिक भोजन हो। यसले हाम्रो आवेग, क्रोध, रिस, उत्तेजना बढाउँछ। जापान जस्तो मांसहारीको बाहुल्य भएको देशमा पनि त्यहाको पारम्परिक भोजनमा शाकाहारलाई प्राथमिकता दिइन्थ्यो। पूर्वीय समाजमा मात्र होइन, छैटौं शताब्दीका ग्रीकका दार्शनिक एवं गणितज्ञ पाईथागोरस मांसाहारको विपक्षमा उभिएको पाइन्छ।

अरु कुरा जस्तै शाकाहारलाई हेर्ने वा अपनाउने दृष्टिकोण समय अनुसार परिवर्तन हुँदै आएको छ। त्यसैले सबै शाकाहारहरु एकै धारणा वा मान्यता बोकेका हुँदैनन्। नेपाल, भारतमा शाकाहारी भनेको माछामासु नखाने तर दूध–दही खानेहरुलाई बुझाउँछ। अंग्रेजीमा यस्तो शाकाहारलाई 'लक्टोभेजिटेरियन' भनिन्छ। आजभोलि अण्डालाई पनि शाकाहारी मानेर खाने चलन पनि सुरु भएको छ। पश्चिमी मुलुकहरुमा वनस्पतिजन्य खानेकुरा मात्र खाने, कुनै पनि प्राणीजन्य पदार्थ (दूध, घिउ, चीज लगायत) नखाने पूर्ण शाकाहारी वा भेगन संस्कृतिको लोकप्रियता बढ्दो छ।

### शाकाहारी जीवन

जहाँसम्म शाकाहार बन्ने कुरा छ, प्रत्येक व्यक्ति, परिवार वा समाजको त्यसलाई अपनाउने आ–आफ्नो प्रेरणा हुन सक्छ। भारत, नेपाल जस्तो हिन्दु बाहुल्यता भएको देशमा शाकाहारको मूल प्रेरणा वा कारण पारिवारिक वा सामाजिक सांस्कृतिक निरन्तरता, धार्मिक वा आध्यात्मिक चिन्तन हुनसक्छ। र, केहीमा जनावरप्रतिको करुणा पनि कारण हुनसक्छ भने पश्चिमी समाजमा यो व्यक्ति विशेषको स्वास्थ्य चेतना, जनावरप्रतिको करुणा वा नैतिक जिम्मेवारी, वातावरण संरक्षणप्रतिको बढ्दो सचेतनाको प्रतिविम्ब हुनसक्छ।

### शाकाहार परिकार कति स्वास्थ्यकर ?

भोजन हाम्रो जीवनको आधारभूत आवश्यकता र अधिकार हो भन्नुमा दुई मत नहोला। किनकि त्यसमा भएका पोषक तत्वहरु शरीरले पाउँदा हाम्रो शरीरको वृद्धि, विकास, मर्मत र सञ्चालन सम्भव हुन्छ। अर्कोतर्फ, अस्वस्थकर अनि अपाच्य भोजन कैयौं रोगका कारण पनि बन्न सक्छ। त्यसैले कस्तो भोजनबाट शरीर स्वस्थ भएर दीर्घजीवन जिउन सम्भव हुन्छ, यो एक चिन्तन, मनन अनि अनुसन्धानको विषय बनेको छ। विभिन्न अध्ययन अनि अनुसन्धानहरुको नतिजाले शाकाहार हुँदा मोटोपन कम गर्न, हृदयरोग अनि मधुमेहबाट बच्न निकै सहयोगी हुने देखाउँछ।

अन्तर्राष्ट्रिय पोर्टल नेसनल इन्स्टिच्युट अफ हेल्थमा प्रकाशित एक रिपोर्ट अनुसार मांसाहारी (नन–भेजेटेरियन) भन्दा शाकाहारीहरुमा हृदयरोग हुने जोखिम २९ प्रतिशत कम हुने देखाएको छ। शाकाहार भोजनबाट प्राप्त हुने भिटामिन सी, रेसादारबाट फाइबर, अनि फाइटोकेमिकल (वनस्पतिबाट प्राप्त फाइटोकेमिकलले कोषिकालाई वातावरणीय विषाक्त पदार्थहरू र शरीरको प्राकृतिक रासायनिक प्रक्रियाबाट हुने क्षतिबाट बचाउँछ) शरीर स्वस्थ्य राख्न, बुढोपन घटाउन अनि उमेरसँगै आउने रोगसँग लड्न नभई नहुने तत्व हुन्।

संसारका सय वर्षभन्दा बढी बाँचेका ९० प्रतिशतको भोजन शाकाहारी हुने गरेको छ। वनस्पतिको उत्पादनबाट जरा, पात, फूल, फल, गानो (टुबर) विभिन्न रङ अनि फरक–फरक ढंगमा परिकार बनाएर खाने गरिन्छ। तीतोमा करेलादेखि गुलियोमा सक्खरखण्ड एउटै थालीमा खान सकिन्छ। शाकाहारको अर्को अत्यन्त महत्वपूर्ण पक्ष वनस्पतिमा पाइने रेसादार तत्व (फाइबर) हो, जुन हाम्रो पेटको तल्लो भाग (कोलोन)मा बस्ने सूक्ष्म जीवाणुको सन्तुलित बनावट विकासका लागि आवश्यक हुन्छ। यसको प्रभाव हाम्रो शरीरिक र मानसिक स्वस्थ्यमा पर्छ। नपच्ने फाइबर पेटको कब्जियत हटाउन नभई नहुने भएकाले पनि प्रशस्त सागपात, फलफूल खानुपर्छ। किनकि यी तत्व मासुजन्य परिकारमा पाइँदैन।

### शाकाहारी हुँदैमा शरीर दीर्घजीवी हुँदैन

शाकाहारी हुँदैमा शरीर स्वस्थ र दीर्घजीवी हुने भन्ने चाहिं होइन। शरीरलाई नभई नहुने कतिपय अत्यावश्यक एमिनो एसिड (इसेन्सियल एमिनो एसिड) अनि चिल्लो पदार्थ शाकाहारी परिकारमा उपलब्ध हुँदैन, भए पनि अत्यन्त कम हुन्छ। जस्तै, भिटामिन बी १२, भिटामिन डी, ओमेगा ३ (मस्तिष्क विकासमा नभई नहुने ईपीए अनि डीएचए फ्याटी एसिड) शाकाहारी भोजनबाट शरीरले प्राप्त गर्न सक्दैन। अर्कोतर्फ दूध, दही, अण्डा, माछामासु प्रोटिन र भिटामिनका रामा स्रोत हुन्।

### मासुको विकल्प

विशेषगरी भेगनहरुमा यी तत्वको कमी भए पनि त्यसको विकल्प नभएको होइन। यी तत्व आजभोलि बजारमा सप्लिमेन्टको रुपमा किनेर खान सकिन्छ। गेडागुडी त्यसमा पनि भटमासबाट मासुमा पाइने प्रोटिन जस्तै सबै एमिनो एसिड शरीरले प्राप्त गर्न सक्छ। च्याउमा प्रशस्त प्रोटिन, भिटामिन खनिज, फाइबर अनि फाइटोकेमिकल पाइन्छ। धेरैलाई थाहा नहुन सक्छ च्याउलाई घाममा केहीबेर सुकाउने हो भने त्यसमा भिटामिन डीको निर्माण हुन्छ। यसरी शाकाहारी भएर पनि शरीरलाई चाहिने सबै अत्यावश्यक पोषक तत्व उपलब्ध हुनसक्छ। च्याउ, तोफु जस्ता खानेकुरामा मासुमा पाइने स्वाद पाइने भएकाले यी मासुको विकल्प पनि बन्न सक्छन्।

### शाकाहार र मांसहारमा के उपयुक्त ?

शाकाहार वा मांसहार दुवैको आ–आफ्नो सकारात्मक एवं नकारात्मक पक्ष छन्। तर आजको बसिरहने जीवनशैली र प्रोसेस फुडको जगजगी भएको समयमा सकेसम्म शाकाहार जीवनशैली बढी स्वस्थकर मानिन्छ। तर शाकाहार भन्दैमा अधिक प्रोसेस गरेका परिकारहरु (जस्तै, मैदा, बिस्कट, चाउचाउ) अनि गुलियो पेय पदार्थले फाइदाभन्दा बढी बेफाइदा गर्छ। त्यस्तै मासुजन्य खानेकुरा शक्तिदायक (उच्च क्यालोरीयुक्त) हुन्छ। तर त्यसमा हानिकारक बोसो (स्याचुरेटेड फ्याट) र कोलेस्टेरोल पनि शरीरले ग्रहण गर्छ। आज औद्योगिक देशहरुमा जनावरबाट पाइने प्रोटिनको सेवन आवश्यकता भन्दा बढी गरिन्छ। अतिरिक्त प्रोटिन शरीरमा भण्डार भएर रहन सक्दैन, त्यो बोसोमा परिणत भएर बस्छ र मोटोपन बढाउँछ। यो बुझ्न जरुरी छ कि जिब्रोलाई मीठो लागे पनि हाम्रो शरीर मांसाहारको अत्यधिक सेवनका लागि तयार हुन अझै सकेको छैन।

यसको प्रमाण पश्चिमी मुलुकहरु जहाँ मासुजन्य परिकार अत्यधिक सेवन गरिन्छ। क्यान्सर, हृदयरोग जस्ता नसर्ने रोग महामारीको रुपमा फैलिनुमा यो एउटा कारण हो। उच्च तापमा पकाएको मासुजन्य परिकार स्वादमा मीठो भए पनि त्यसमा कार्सिनोजेनको निर्माण हुने गर्छ। जसको अधिक सेवन क्यान्सरको कारण बन्न सक्ने केही अध्ययनको निष्कर्ष छ। अध्ययनअनुसार विशेषगरी अत्यधिक प्रशोधन गरिएका रातो मासु खाँदा बुढेसकालमा कोलोन क्यान्सरको जोखिम बढाउँछ। त्यसैले विज्ञहरु वनस्पतिजन्य प्रोटिनलाई आफ्नो नियमित खानपिनमा बढी सामेल गराउन सल्लाह दिन्छन्।

### वातावरणीय स्वास्थ्य

विश्वमा मासुको खपत घटाउनु भनेको वातावरणीय स्वास्थ्य सुदृढ पार्नु पनि हो। मासु र दूधजन्य खानेकुराका लागि गरिने पशुपालनमा मात्र विश्वको ठूलो खेतीयोग्य जमिन खर्च भइरहेको छ। त्यसका लागी पिउने पानी, अनि खानाको उत्पादन गर्नु अर्को वातावरणीय चुनौती हो। अर्थात् मासुजन्य परिकारको सेवन यसरी विश्वव्यापी बढ्दै जाने हो भने त्यसले जनस्वास्थ्यका साथै वातावरणीय समस्या निम्त्याउने निश्चित छ।

यस दृष्टिकोणमा पनि शाकाहार वा न्यूनतम मासुको सेवन आजको एक आवश्यकता हो। तसर्थ भन्न सकिन्छ, मासु नखाँदा वा कम खाँदा कुनै ठूलो हानि हुँदैन। तर शाकाहारवाद कमजोर हुने हो भने जीवन र जगतको स्वास्थ्य कमजोर हुँदै जानेछ।

# एमाले महोत्तरी अधिवेशन : मण्डल र यादवको गुट निर्माणमा दौडधुप

**विशाल बस्नेत**

महोत्तरी, ३ माघ। लामो समयदेखी पटक–पटक स्थगित हुँदै आएको नेकपा एमाले महोत्तरी जिल्ला अधिवेशनको पुनः चर्चा सुरु भएको छ। पछिल्लो डेढ दशक यता तदर्थ समितिको भरमा चल्दै आएको एमालेमा माघ २२ र २३ गते निर्धारित अधिवेशनकै कारणले पनि जिल्ला राजनीतिवृत्तमा चर्चाको विषय बनेको हो। अधिवेशनको मिति नजिकिएसँगै नेतृत्व लिने होडवाजीले नेताहरूमा दौडधुप सुरु भएको छ। चर्चामा रहेका नामकै आधारमा गुटउपगुट सिर्जना भएका छन्। अहिले कालिचरण साह, वलिराम यादव र शिवचन्द्र सिंहको चर्चा छ। यस्को लागी माघ -१३ गतेसम्म जिल्लाका १३८ वटै वडाबाट प्रतिनिधि छनोट गर्ने समयसिमा राखिएको छ भने ५० सदस्य बराबर एक प्रतिनिधि बन्न पाउने प्रावधान बनाइएको छ। यसो हुँदा जिल्लामा सदस्य संख्याको आधारमा झण्डै ५५० प्रतिनिधि चयन हुन सक्ने एमाले महोत्तरीले जनाएको छ।

जिल्लामा अहिले दुई वटा गुट देखिएका छन्। एउटा गुटको नेतृत्व केन्द्रिय सदस्य सरोज यादवले गरेका छन् भने अर्को गुटको नेतृत्व पोलिटव्युरो सदस्य रामदयाल मण्डलले गरेको देखिन्छ। एमाले महोत्तरीका नेताहरूका अनुसार रामदयाल मण्डल, जुलि महतो, रघुविर माहासेठसहितको एउटा गुटले शिवचन्द्र सिंहलाई बोकेका छन् भने सरोज यादवको अर्को गुटले बलिराम यादवलाई बोकेको छ। कालिचरण साहले आफू कुनै गुटको नभएको दाबी गरेता पनि मण्डल निकट भएको एमालेका एक नेता बताउछन्। विशेष स्रोतको अनुसार अहिले सतहमा देखिएका मण्डल निकट मानिने कालिचरण र शिवचन्द्र मध्ये एक जनालाई मनाउन गृहकार्य भइरहेको छ। यता यादव पक्ष भने बलिराममलाई नै अध्यक्षको उम्मेदवार बनाउने लगभग निष्कर्षमा पुगेका छ। यादव पक्षका एक नेताका अनुसार बलिराम नै यादव पक्षको उम्मेदवार हुन सक्छन्।

जिल्लामा स्पष्ट देखिएको यिनै दुई गुटलाई कसरी बलियो बनाउने अभियानमा नेताहरू दुई भागमा विभक्त भएका छन्। मण्डल र यादव को- कती बलियो छ भन्ने स्थिति हेर्ने हो भने दुवै गुटविच बलियो प्रतिस्पर्धा हुने देखिन्छ। तथापी सरोज यादव केपी निकट मानिने हुँदा अध्यक्षको सल्लाहअनुसार नै समूह निर्माण गरिरहेको पनि कतिपयको आरोप छ। पछिल्लो समय महोत्तरीमा यादवको समूह बलियो बन्दै गएको छ। अधिवेशनमा कस्लाई नेतृत्व तयार गर्ने भन्ने विषयमा निर्णायक क्षेत्र न.१ हो। अहिले क्षेत्र न.१ मा यादवको बलियो पकड छ। नेताहरु सन्त परियार, सारदादेवी थापा, केदार वहादुर बस्नेत जुलि र मण्डल पक्षधर देखिएतापनी झण्डै ८५ प्रतिशत नेताहरू यादव पक्षधर भएको नेता कार्यकर्ताहरू बताउछन्। पछिल्लो समय माओवादी केन्द्रवाट एमाले प्रवेश गरेका युवा नेता संकर महतो पनि यादव निकट बनेका छन्।

कुनै समय ९० प्रतिशत मण्डलको नियन्त्रणमा रहेको क्षेत्र न.१ अहिले त्यस्को ठिक विपरित वनेको छ। सुरुदेखी नै नेता गुन्ज खडका यादव निकट मानिएता पनि अन्य नेताहरू भने मण्डल निकट मानिन्थे। लामो समयदेखी विवाद नै विवादमा रुमलिदै आएको एमाले महोत्तरीमा यसअघि निर्धारण भएको अधिवेशनहरूमा पनि सरोज यादव र रामदयाल मण्डलकै कारण स्थगित भएको थियो। दर्जनौपटक कहिले आन्तरिक कलह त कहिले नेताहरूको नीजि स्वार्थको कारण विवादित बन्दै आएको यो आसन्न अधिवेशन भने जसरी पनि गर्नपर्ने नेताहरूको मनस्थिति छ। यहींबीचमा देखिएको गुट निर्माणले कतै अधिवेशन नै विथोलिने त हैन भन्ने बाक्लै अडकलवाजी पनि छन्। "हामी अधिवेशनको तयारीमा अघि बढ्यौं, यसपालि अब अधिवेशन टार्ने कुनै निहुँ बन्दैन", एमाले जिल्ला संगठन कमिटीका अध्यक्ष कालीचन्द्र साहले भने, "अधिवेशनको मुख्य नारा र लोगो सार्वजनिक गरिसकेका छौं, अब जे काम हुँदैछन्, अधिवेसशका लागि हुन्।"

२०७८ साल २४ र २५ पुसमा गर्नुपर्ने अधिवेशन आन्तरिक कलह कै कारण नभएपछी ५ र ६ माघलाई निर्धारण गरिएको थियो तर हुन सकेन। एकता प्रक्रियाका क्रममा एमालेमा नै रहेका तत्कालिन इन्चार्ज टेक वहादुर बलाम्पाकीलाई साथमा लिएर नेता यादवले मण्डल पक्षसगँ प्रतिस्पर्धा गर्ने हतियार बनाएका थिए। तर नेता बलाल्पाकी अहिले माओवादी केन्द्रमा नै फर्किसकेका छन् भने गुट निर्माणको संजालमा यादव अझै सक्रिय छन्। महोत्तरीमा ४ जना केन्द्रीय सदस्य मध्ये बलाम्पाकी माओवादी केन्द्र फर्कीसकेपछी सरोज यादव, रामदयाल मण्डल र बुधिनिदेवी छन्। बुधिनिदेवि मण्डलकै साथमा देखिन्छन् भने यादवलाई क्षेत्र न.१ का केही प्रदेशस्तरिय नेताहरुको साथ छ। शक्ति संचयका हिसावले समेत नेताहरू आफ्नो पकड बनाउने दाउमा लागीरहँदा पार्टीको वैचारिक धरातलको भने चिन्ता हुन थालेको छ।

# प्रदेशलाई अधिकार सम्पन्न बनाउन आवश्यक : अध्यक्ष यादव

**धर्वेन्द्र झा**

जनकपुरधाम, ३ माघ। जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले प्रदेशलाई अधिकार सम्पन्न बनाउन आवश्यक रहेको बताएका छ। मधेश प्रदेश सरकारको गृह सञ्चार तथा कानुन मन्त्रालयले मधेश स्वाभिमान दिवस मनाउनेक्रममा बुधबार जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले सो कुरा बताएको हो। प्रदेशहरू अधिकार सम्पन्न नभएसम्म संघीयताको कुनै अर्थ नहुने उनले टिप्पणी गरे। प्रदेशहरूलाई अधिकार सम्पन्न बनाउन सबै दल लाग्नुपर्ने उनको भनाइ छ। उनले मधेश प्रदेशलाई विगतमा टुक्रा–टुक्रा पार्न खोजेपछि मधेश आन्दोलन भएको बताए। "मधेश आन्दोलनको मक्सद स्वेत मधेश प्रदेश स्थापना गर्नु थियो, तर अझै पनि मधेशका भूभागलाई अन्य प्रदेशमा गाभिएको छ। आठ जिल्ला बाहेकका मधेशका भूभागको मुक्ति आवश्यक छ" उनले भने।

मधेशको जनसंख्या अत्यधिक रहे पनि राज्यको लगानी भने अहिले पनि कम भएको उनले चर्चा गरे। जनसंख्याको आधारमा लगानी हुनुपर्ने धारणा राख्दै उनले मधेश आन्दोलनको समयमा पनि स्वायत्त मधेश प्रदेशसहितका अन्य प्रदेश हुने विषयमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग सम्झौता भएको उहाँले बताउनुभयो। सो विषय विषय अन्तरिम संविधानमा समेत उल्लेख रहेको उनको भनाइ छ। संविधान जारी भएको आठ वर्ष हुँदा पनि प्रदेशले अधिकार नपाउनु आफैमा दुःखद रहेको उनले बताए। उनले भने, "सरकार आफ्नो भए पनि राज्य आफ्नो छैन। विना प्रहरी, विना कर्मचारी प्रदेशले जनताका लागि के गर्न सक्छ ?"

संघीयताको मतलब प्रदेशमा स्वायत्तता, स्वशासन र संघमा साझेदारी हुनु रहेको बताउँदै अध्यक्ष यादवले मधेश प्रदेश मात्र पहिचानको आधारमा स्थापित भएको बताए। उनले नेपालमा पहिचानलाई समाप्त पार्ने षडयन्त्र भइरहेको समयमा पहिचानको आधारमा मधेश प्रदेशको स्थापना गरेर यहाँका प्रदेशसभा सदस्यहरूले देखाएको उदारताप्रति धन्यवाद व्यक्त गरे। मधेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री मोहमद समिमको अध्यक्षतामा भएको सो कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, पूर्व मुख्यमन्त्री लालबाबु राउत, अर्थमन्त्री सञ्जयकुमार यादवसहितकाले मधेश प्रदेश स्थापना पहिचानको आधारमा भएको भन्दै संघीयतालाई सफल बनाउन मधेश प्रदेशको भूमिका महत्वपूर्ण रहने बताए।

# चिसो बढेसँगै मधेशका महिला जलनको जोखिममा



काठमाडौं, ३ माघ। जाडो बढ्न थालेसँगै तराई मधेशमा घुर अर्थात आगो ताप्दा जलनमा परेर ज्यान गुमाउनेको संख्या बढ्न थालेको छ। पछिल्लो केही दिनदेखि तराईमा बाक्लो हुस्सु र कुहिरो लागेर चिसो बढ्न थालेपछि घुर अर्थात आगो ताप्दा जलेर घाइते र ज्यान गुमाउनेको संख्या बढ्न थालेको हो। तराईका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही लगायतका जिल्लामा शीतलहरका बेला घुर अर्थात आगो ताप्दा जलनका घटना बढी हुने गरेको विज्ञले बताएका छन्। त्यसमा पनि महिलाहरु बढी जोखिममा पर्ने गरेका छन्। महिलाहरुले लगाउने कपडा जलनको कारण बन्न सक्ने हुँदा साडी वा कुर्ता लगाएर आगो ताप्न बस्दा विशेष ख्याल गर्न प्लाष्टिक सर्जन डा जसवन शाक्यले आग्रह गरे। जलन हुनबाट जोगिन आगोको छेउछाउ जाँदा नाइलनका कपडा नलगाउने, खाना पकाउँदा आफू आगोबाट टाढा बस्ने, खाना पकाउने ठाउँ अग्लो ठाउँमा बनाउने लगायतका कुरामा ध्यान दिनुपर्ने उनको भनाई छ। डा शाक्यले जलनका घटना कम गर्न अझै पनि जनचेतनाको आवश्यकता रहेको बताए। जलन भैहाल्यो भने शुरुमा आगो निभाउन कोसिस गर्ने, आगो निभेपछि शरीरमा टाँसिएको कपडा निकाल्ने, जलेको भागमा निरन्तर २० देखि २५ मिनेटसम्म चिसो पानी खन्याउने र तुरुन्तै अस्पताल लैजानुपर्ने डा.शाक्यको सुझाव छ। जाडोमा हुने जलनका घटनामध्ये ६० प्रतिशत आगो ताप्ने क्रममा हुने गरेको कीर्तिपुर अस्पतालले जनाएको छ। कीर्तिपुर अस्पतालमा जलनका घाइतेहरुको उपचार हुने गर्छ।

# ज्यान मार्ने धम्की दिई १५ लाख फिरौती मागेको आरोपमा ३ जना पक्राउ

चितवन, ३ माघ। विभिन्न नम्बरबाट फोन गरेर १५ लाख नदिए सुट गरेर हत्या गर्छु भनेर धम्काएको आरोपमा चितवन प्रहरीले ३ जनालाई पक्राउ गरेको छ। रुपन्देहीको असुरैना वडा नं. १ घर भई भरतपुर महानगरपालिका वडा नं. १ मा व्यवसाय गरेर वस्ने करन गुप्तालाई बारम्बार फोन गरेर रकम मागेको आरोपमा तीन जनालाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा चितवन भरतपुर महानगरपालिका–२१ बस्ने २७ वर्षका सरोज सुनार, भरतपुर महानगरपालिका–१ का २६ वर्षीय दिपक वि.क.भरतपुर महानगरपालिका–२६ बस्ने वर्ष २५ को सागर बि.क. रहेका छन्। उनीहरुलाई प्रहरीले १५ लाख रकम दिने भन्दैं लोभ्याएर पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी निरीक्षक उमाशंकर प्रसाद साहको कमाण्डमा खटिएको प्रहरीको विशेष टोलीले फिरौती रकम दिन लगाएर उनीहरुलाई मंगलबार नियन्त्रणमा लिएका थिए।

पक्राउ परेका तीनै जनालाई चितवन जिल्ला अदालतबाट आपराधिक षड्यन्त्र मुद्दा शीर्षकमा म्याद थप गरी अनुसन्धान भैरहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

# प्रधानमन्त्री निर्देशन दिएको दियै, नतिजा देखिएन, नागरिक वाक्क

काठमाडौं, ३ माघ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले हरेक दिनजसो विभिन्न विषयमा निर्देशन दिए पनि नतिजा भने देखिएको छैन। हरेक कार्यक्रम, बैठक, उदघाट्न, शिलान्यास, भेटवार्ता लगायतमा प्रधानमन्त्रीले कुनै न कुनै निर्देशन र आश्वासन दिने गरेको छ। तर धेरैजसो निर्देशन उहाँको बोलीमै सीमित हुने गरेका छन्। कतिपय विषयमा आवश्यक पूर्वतयारीका काम नभई प्रधानमन्त्रीले निर्देशन दिनुहुन्छ, कतिपय विषयमा भने मन्त्री र कर्मचारीले अटेरी गर्ने गरेका छन्। निर्देशनको पालना भएर सकारात्मक नतिजा देखिएका छैनन्। प्रधानमन्त्रीले निर्देशनको पालना भए वा नभएको हेर्ने संयन्त्र नै छैन। त्यसैले पनि निर्देशन पालना हुनेमा नागरिकले शंका गर्छन।

निर्देशनकै शृंखलाअन्तर्गत प्रधानमन्त्री प्रचण्डले आज पनि ३ वटा छुट्टाछुट्टै विषयमा निर्देशन दिए। बुधबार उनले भिजिट भिसामा विदेश जानेहरूको गुनासो सम्बोधन गर्न, सहकारीका समस्या समाधान गर्न र प्रहरी समायोजनको प्रक्रिया छिटो टुंग्याउन निर्देशन दिएको हो। गृहमन्त्री नारायणकाजी श्रेष्ठ, श्रममन्त्री शरतसिंह भण्डारी, मुख्यसचिव वैकुण्ठ अर्यालसहितका उच्च अधिकारीसहितको बैठकमा प्रधानमन्त्री प्रचण्डले भिजिट भिसा र श्रम स्वीकृति लिएर विदेश जाने नेपालीलाई विमानस्थलमा सास्ती झेल्नुपरेको गुनासो आएको भन्दै त्यस्ता काम तत्काल बन्द गर्न निर्देशन दिएको छ। यो विषयमा गएको पुस २६ गते गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि निर्देशन दिएको थियो।

त्यस्तै सहकारीमा देखिएका समस्या समाधान गर्न पनि प्रचण्डको निर्देशन छ। बिहान बालुवाटारमा भएको छलफलमा उनले यो निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। उनले सहकारी सम्बन्धी अहिले कार्यरत नियामक संस्थाहरूलाई राम्रा, संकटमा रहेका र डुबेका सहकारीका रूपमा वर्गीकरण गरी प्रतिवेदन पेस गर्न निर्देशन दिए। बुधबारै बिहान बालुवाटारमै भएको छलफलमा प्रधानमन्त्रीले प्रहरी समायोजनको प्रक्रिया छिटोभन्दा छिटो टुंग्याउन पनि निर्देशन दिएको छ। प्रधानमन्त्री प्रचण्डले नेपाल प्रहरी (प्रदेश प्रहरी कार्यसञ्चालन र समन्वय) ऐन २०७६ जारी भएको लामो समय बित्दासमेत समायोजन अघि नबढेको भन्दै १५ दिनभित्र समायोजनको प्रक्रिया टुंग्याउन निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। तर यो निर्देशन पनि नयाँ भने होइन। त्यसअघि मङ्सिरको १ गते तनहुँको आबुखैरेनीमा भएको कार्यक्रममा पनि प्रधानमन्त्री प्रचण्डले केही दिनभित्रै प्रहरी ऐन आउने गरी निर्देशन दिएको र अब प्रदेशसँग प्रहरी र लाठी हुने बताएको थियो। तर प्रधानमन्त्रीका निर्देशन केवल निर्देशनमै सीमित रहेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)